# छैटौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड**

**हात्तिसार, काठमाण्डौ**

**(प्रथम पटक प्रकाशित मिति २०७४।०९।०७)**

आदरणीय शेयरधनी महानुभावहरू,

यस कम्पनीको मिति २०७४।०८।१९ गते बसेको संचालक समितिको १६४औं बैठकको निर्णयानुसार यस कम्पनीको छैटौं वार्षिक साधारण सभा देहायका विषयमा छलफल तथा निर्णय गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी एवं उपस्थितिको लागि कम्पनी ऐन, २०६३ को दफा ६७ तथा कम्पनीको नियमावली २०६८ को नियम १८(४) बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभा बस्ने मिति, समय र स्थान**

१) मिति : २०७४।०९।२८ गते शुक्रबार (January 12, 2018)

२) समय : दिउसो १:०० बजे

३) स्थान : नक्साल ब्यांक्वेट, नारायणचौर, नक्साल, काठमाण्डौं ।

**छलफलका विषय सूचीहरू:**

**(क) साधारण प्रस्ताव:**

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले कम्पनीको वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने र सो प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।

२) लेखापरिक्षकको प्रतिवेदन सहित २०७४ आषाढ मसान्तको वासलात, आ.व. २०७३/७४ को नाफा नोक्सान हिसाब र नगदप्रवाह सहितको वित्तीय विवरणहरू (अनुसूची समेत) छलफल गरी पारित गर्ने ।

३) महालेखापरिक्षकको कार्यालयबाट परामर्श प्रदान गरिएबमोजिम चालु आ.व. २०७४/७५ को लागि लेखापरिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४) संचालक समितिबाट प्रस्ताव गरे अनुसार शेयरधनीहरुलाई चुक्ता पूँजीमा ५(पाँच) प्रतिशत का दरले हुन आउने रु.५०,००,००,०००। (पच्चास करोड रुपैया) (कर सहित) नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

५) कम्पनीको स्वतन्त्र व्यावसायिक सञ्चालक मनोनयन गर्ने ।

**(ख) विशेष प्रस्ताव:**

(१) कम्पनीको प्रबन्धपत्र र नियमावली तथा संचालनका नीतिगत आधारमा थप व्यवस्था तथा संशोधन गर्ने ।

२) कम्पनीको प्रवन्धपत्र र नियमावली संशोधन स्वीकृत गर्ने तथा प्रस्ताववित संशोधनमा नियमनकारी निकायले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप आवश्यक समायोजन गर्न संचालक समितिलाई अधिकार प्रदान गर्ने ।

३) कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा पृथ्वी माध्यमिक विद्यालय, नुवाकोट र सामुदायिक अध्ययन केन्द्र, सिन्धुपाल्चोकलाई रु ३१४२३८।०० (तीन लाख चौध हजार दुई सय अठतिस मात्र)को सिन्धुपाल्चोकमा कम्प्युटर, शैक्षिक तथा खेलकुद सामाग्री वितरण गरिएकोमा सो को अनुमोदन गर्ने कम्पनी ऐन २०६३ को दफा १०५ अनुसारको काम गर्न सञ्चालक समितिलाई स्वीकृती प्रदान गर्ने ।

**(ग) विविध ।**

**साधारण सभा सम्बन्धी अन्य जानकारी**

१) यस कम्पनीको छैटौं वार्षिक साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता पुस्तिका तथा शेयर दाखिला खारेजीको कार्य मिति २०७४।०९।१२ देखि २०७४।०९।२८ गतेसम्म बन्द रहने छ । शेयरधनी पुस्तिका बन्द भएको अघिल्लो दिन मिति २०७४।०९।११ गते सम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा भएको कारोबारबाट शेयर खरिद गरी शेयरधनी पुस्तिका बन्द भएको मितिले ७ सात कार्य दिन सम्म नामसारी तथा दाखिल खारेजका लागि आवश्यक कागजात सहित यस कम्पनीको शेयर रजिस्ट्रार श्री ग्लोबल आइएमई क्यापिटल लिमिटेड, राष्ट्रिय नाचघर, जमल काठमाण्डौमा पेश भएको विवरणको आधारमा कायम भएका शेयरधनीहरु मात्र छैटौं साधारण सभामा भाग लिन योग्य मानिने छन् ।

२) वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले हितग्राही खाता (Demat) खोलिएको, शेयर प्रमाण पत्र र आफ्नो परिचय खुल्ने प्रमाणपत्र वा सो को प्रतिलिपि अनिवार्य रुपमा साथमा लिई आउनु हुन अनुरोध छ ।

३) साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्ति गर्न चाहने शेयरधनीहरुले कम्पनीको अर्को शेयरधनीलाई प्रतिनिधिपत्र ( प्रोक्सी फारम ) भरी प्रतिनिधि नियुक्त गरी सभा सुरु हुनु भन्दा कम्तीमा ७२ घण्टा अगावै अर्थात २०७४।०९।२५ गते बिहान १:०० बजेभित्र कम्पनीको कार्यालय, हात्तिसारमा दर्ता गराई सक्नु पर्नेछ । आफ्नो शेयर विभाजन गरी वा नगरी एक भन्दा बढी व्यक्तिलाई प्रतिनिधि नियुक्त गरेमा वा अन्य कुनै किसिमबाट छुट्याएर दिएको प्रोक्सी स्वतः बदर हुनेछ ।

४) एक जना शेयरधनीले एक भन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ । तर प्रतिनिधि (प्रोक्सी) दिने शेयरधनीले आफुले दिएको प्रतिनिधि (प्रोक्सी) बदर गरेको व्यहोरा स्पष्ट उल्लेख गरी छुट्टै निवेदन दिई अर्को शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेमा त्यसरी नियुक्त प्रतिनिधि (प्रोक्सी) ले सभामा भाग लिन र मतदान गर्न पाउने छ यस्तो अवस्थामा अघिल्लो प्रतिनिधि (प्रोक्सी) स्वतः बदर भएको मानिनेछ ।

५) नाबालक वा विक्षिप्त शेयरधनीको तर्फबाट कम्पनीको शेयर लगत कितावमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा मतदान गर्न वा प्रतिनिधि तोक्न सक्नुहुनेछ ।

६) शेयरधनी महानुभावहरु सभास्थलमा आउँदा सकेसम्म झोला तथा अन्य वस्तुहरु नलिई आउनु हुन अनुरोध गरिन्छ । आवश्यक ठानेमा सुरक्षाकर्मीले सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरिदिनु हुन समेत अनुरोध गरिन्छ ।

७) संयुक्त रुपमा शेयर खरिद गरेको अवस्थामा लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन पाउनेछन् ।

८) सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका बिहान ११:०० बजे देखि खुल्ला रहनेछ ।

९) साधारण सभा सम्वन्धमा थप जानकारी आवश्यक परेमा कम्पनीको कार्यालय, हात्तिसार, काठमाण्डौंमा सम्पर्क गर्नु हुन वा website : www.hidcl.org.np मा हेर्नु हुन अनुरोध छ ।

पुनश्च : साथै कम्पनी ऐन २०६३ अनुसारको वार्षिक आर्थिक विवरण, संचालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन शेयरधनी महानुभावहरुले कम्पनीको कार्यालय हात्तिसार, काठमाण्डौं तथा यस कम्पनीको शेयर रजिष्ट्रार ग्लोबल आइएमई क्यापिटल लि.मा आई निरिक्षण गर्न र प्राप्त गर्न सक्ने व्यहोरा समेत जानकारीका लागि सूचित गरिन्छ । संक्षिप्त आर्थिक बिवरण लगायत वार्षिक साधारणसभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु कम्पनीको वेवसाइट www.hidcl.org.np मा पनि हेर्न सक्नुहुनेछ ।

**आज्ञाले,**

**कम्पनी सचिव**

**जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड**